सूर्यविनायक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटुन्जे, भक्तपुर
बागमती प्रदेश, नेपाल

# सूर्यविनायक नगरपालिकाको चौधौं नगरसभाबाट पारित नीति, कार्यक्रम तथा बजेट सम्बन्धमा

## पत्रकार सम्मेलन कार्यक्रम

मिति २०८०।०३।१३

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन,२०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बागमती प्रदेश सरकारबाट जारी नगरसभा संचालन सम्बन्धी कानून एवं अन्य कानूनी प्रावधान बमोजिम नगरसभाको चौधौं अधिवेशनबाट आ.व.२०८०।८१ को नीति, कार्यक्रम र बजेट स्वीकृत भएकोछ ।

**दिगो विकास व्यवस्थित शहर, स्वच्छ समृद्ध सूर्यविनायक नगर** को दीर्घकालीन सोच प्राप्तितर्फ उन्नमुख रही नगरप्रमुख श्री बासुदेव थापाबाट प्रस्तुत २१८ बुँदे नीति तथा कार्यक्रम एवं नगर उपप्रमुख श्री सरिता तिमसिना भट्टराईबाट प्रस्तुत १०९ बुँदे बजेट तथा कार्यक्रम नगरसभा बैठकबाट स्वीकृत भई नीति कार्यक्रम र बजेटको पूर्णपाठ सूर्यविनायक नगरपालिकाको वेवसाईट मार्फत सार्वजनिक समेत भई सकेकोछ। नीति, कार्यक्रम र बजेटमा समेटिएका केही प्रमुख प्रावधानहरुलाई यस प्रेसनोट मार्फत यहाँहरु समक्ष प्रस्तुत गरिएकोछ ।

- आम नागरिकले भेट्न, सुन्न र महशुस गर्न पाउने सबैभन्दा नजिकमा रहेको र सेवा प्रवाहको पहिलो जवाफदेहिता वहन गर्ने स्थानीय सरकारको रुपमा यस नगरपालिकाले आफ्ना नागरिकहरुको सर्वोत्तम हितलाई शीरमा राखी निर्वाचित हुनु अगाडि जनता सामु गरिएको प्रतिवद्धताहरु पुरा गर्ने दिशामा अग्रसर रहेको दस्तावेजको रुपमा नीति कार्यक्रम र बजेट प्रस्तुत भएको छ ।
- प्रस्तुत नीति तथा कार्यक्रले संघ, प्रदेश र स्थानीय तहको दीर्घकालीन तथा आवधिक योजनाले परिलक्षित गरेका विषयहरु एवं अन्तरष्ट्रिय रुपमा मुलुकले अनुमोदन गरेको दिगो विकासका लक्ष्यहरुको प्राप्तिको प्रतिवद्धतालाई मूल आधार बनाएकोछ ।
- अघिल्लो कार्यकालमा आम नगरवासीहरुको माग र आवश्यकता अनुसार भौतिक पूर्वाधार विकासलाई पहिलो प्राथमिकतामा राखी लक्ष्यभन्दा निकै उपलब्धी हासिल गरिएको सर्वविदितै छ हाल आएर पूर्वाधार विकास र मानवीय विकासलाई संगसंगै लैजाने नीति अनुरुप कार्यक्रम र बजेट मानवीय विकास तर्फ परिलक्षित रकेकोछ ।
- सूर्यविनायक नगरपालिकाको आ.व.२०८०।८१ को लागि कुल रु.२ अर्व १० करोड ५० लाखको बजेट विनियोजन गरिएकोछ जसमध्ये पूँजीगत तर्फ रु.१ अर्व ११ करोड ९२ लाख ३३ हजार ( ५३.१प्रतिशत) र चालू तर्फ रु.९८ करोड ५७ लाख ६७ हजार (४६.८२ प्रतिशत) रहेको छ ।
- सूर्यविनायक नगरपालिकाको बजेटमा केन्द्र वा प्रदेशको अनुदानको तुलनामा आन्तिरिक आय वढी रहेको छ। कुल बजेटमा आन्तरिक आयको हिस्सा ५२.५८ प्रतिशत रहेको छ भने संघ प्रदेशको अनुदानको हिस्सा ४७.४२ प्रतिशत रहेकोछ ।
- आगामी आर्थिक वर्षको खर्च व्यहोर्ने स्रोत मध्ये राजस्व परिचालनबाट रु २८ करोड ९८ लाख घरजग्गा रजिष्ट्रेशनबाट रु ३८ करोड, चालू आर्थिक वर्षको बचतबाट रु ४० करोड, नगद लागत सहभागिता ३

२०८०।३।१२
रविन्द्र सापकोटा
प्रवक्ता

करोड ७१ लाख ३८ हजार संघ र प्रदेशबाट प्राप्त वित्तीय समानीकरण अनुदान रु २१ करोड ६६ लाख ७६ हजार, संघ र प्रदेशबाट प्राप्त सशर्त अनुदान रु ३८ करोड १२ लाख ९४ हजार, प्रदेशबाट प्राप्त विशेष अनुदान रु ५० लाख, संघ तथा प्रदेशको राजस्व बाँडफाँडबाट रु १५ करोड ५५ लाख ७२ हजार, समपूरक योजना कार्यान्वयनको लागि जिल्ला समन्वय समिति र प्रदेशबाट रु ६ करोड, सामाजिक सुरक्षा कार्यक्रमबाट १७ करोड, ३२ लाख २० हजार सडकबोर्डबाट रु ६३ लाख प्राप्त गरी स्रोत व्यवस्थापन गरिएको छ

- यस नगरपालिकाको स्वीकृत भू उपयोग योजना अनुसार कृषि क्षेत्रमा वर्गिकृत भूमिमा सम्पत्ती एवं भुमिकरमा ९० प्रतिशत छुट दिईने र अन्य आवासीय एवं व्यवसायिक क्षेत्रको हकमा जिल्ला मालपोत कार्यालयको मूल्यांकन दर कायम गरी समायोजन सहित सम्पत्ती र भुमिकर निर्धारण गरिनेछ । यस अघि कृषि क्षेत्रका रुपमा रहेका अधिकांश जग्गाहरु आवासीय र व्यवसायिक क्षेत्रमा वर्गिकृत हुदां सम्पत्ती करको दरमा केही वृद्धि हुन गई आन्तरिक राजस्व परिचालमा सहयोग पुग्ने देखिन्छ ।
- कुल बजेटमा आन्तरिक आयको हिस्सा वढी हुनु र चालूको तुलमा पूँजीगत बजेटको प्रतिशत वृद्धि हुनुले सूर्यविनायक नगरपालिको वित्तीय अवस्थामा सकारात्मक सुधार भएको सन्देश प्रवाह भएको देखिन्छ ।
- सामुदायिक विद्यालयहरुमा प्रतिस्पर्धात्मक परीक्षा लिई प्रधानाध्यापक नियुक्तीको विषयले राष्ट्रिय रुपमा चर्चा पाई रहेको सन्दर्भमा शैक्षिक सुधारका लागि आगामी आ.व.मा कम्तिमा २ वटा सामुदायिक विद्यालयलाई नमूना विद्यालय(Model School)को रुपमा विकास गर्ने योजना रहेकोछ यस कार्यका लागि रु.१ करोड बजेट समेत विनियोजन गरिएको छ ।
- नगरपालिकालाई शैक्षिक हवको रुपमा विकास गर्ने उद्देश्लयले पूर्वाञ्चल विश्वविद्यालयको मेडिकल तथा ईन्जिनियरिगं विषय सहितको आंगिक क्याम्पस संचालनका लागि जग्गा प्राप्ति सहित अन्य प्रकृया अगाडि वढाईएको छ ।
- खेलकुदको क्षेत्रलाई प्राथमिकतामा राख्ने नीति अवलम्बन गर्दै वडा नं ९ रिखेटारमामा अन्तरिष्ट्रय स्तरको रंगशाला निर्माण तथा वडा नं ७ मा व्यवस्थित खेल मैदान निर्माणका लागि रु. ४ करोड बजेट विनियोजन गरिएकोछ ।
- नगरपालिका अस्पताल लगायत सवै स्वास्थ्य संस्थाको सेवा प्रवाहमा प्रभावकारिता वृद्धि गर्ने, स्वास्थ्य वीमा कार्यक्रमलाई निरन्तरता दिने,बालमैत्री नगरपालिका घोषणा गर्ने, नगरवासीहरुको लागि निशुल्क शववाहन सेवा संचालन एवं नागरिकको स्वास्थ्य प्रति संवेदनशील रही अन्य विभिन्न क्रियाकलाप संचालनको लागि नीति गत एवं स्रोतगत सुनिश्चितता गरिएकोछ ।
- सूर्यविनायक नगरपालिकालाई च्याउ, कुरिलो, गोलभेडा, मासुजन्य उत्पादन र दुग्ध उत्पादनमा आत्मनिर्भर बनाई मुलुका अन्य क्षेत्रमा समेत निकाशी व्यवस्थाका लागि नीतिगत र प्रकृयागत व्यवस्था मिलाईएकोछ जसबाट यहाँको आर्थिक क्रियाकलापमा बृद्धि हुनेछ ।
- आवासीय तथा व्यवसायिक क्षेत्रम वर्गिकृत जग्गामा समेत कृषि उत्पादन वृद्धिमा प्रोत्साहन दिन ५ वर्ष भन्दा वढी अवधिको लागि कृषि तथा पशुपालन कार्यको लागि करार सम्झौता गरिएको खण्डमा उक्त जग्गाको सम्पत्ती करमा छुट दिने व्यवस्था गरिएकोछ ।

२०७७।३।१२

रविन्द्र सापकोटा

प्रवक्ता

सूर्यविनायक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटुन्जे, भक्तपुर
बागमती प्रदेश, नेपाल

- उद्यमीशिलताको विकासको लागि स्वरोजगार कोष, सरकारी नीजि तथा सहकारीको समन्वयमा आय आर्जन कार्यक्रम, प्राविधिक तालिमको व्यवस्था, व्यवसायिक क्षेत्रको सुदृढीकरण सामुदायिक वनमा पर्यटनको माध्यमबाट आय आर्जन जस्ता कार्यहरु अगाडि वढाईएकोछ ।
- विकासलाई विपदसंग मूलप्रवाहीकरण गरी विपद व्यवस्थापन गर्दै विपद र प्रकोप जोखिम न्यूनीकरण एवं तत्काल आईपर्ने विपद प्रतिकार्यका लागि व्यवस्थापन कोषमा रु.४ करोड रकम विनियोजन गरिएको छ ।
- पूर्वाधार विकासलाई दिगो वातावरण मैत्री बनाउदै नगर क्षेत्रमा निर्माण हुने संरचनाको उत्थानशीलताका लागि घर संरचना मापदण्ड निर्माण, भवन संहिताको कडाईका साथ पालना र प्रविधिको प्रयोगमा जोड दिईएकोछ ।
- नगर प्रमुख उज्यालो कार्यक्रमको प्रभावकारिता हेर्दे आगामी आ.व.समेत उक्त कार्यक्रमलाई निरन्तरता दिईएको छ
- मेलम्चीको पानी सूर्यविनायकमा वितरण गर्न नगरपालिकाको आन्तरिक स्रोतबाट रु.४ करोड ८० लाख र उपभोक्ताबाट साझेदारी ३ करोड २० गरी रु. ८ करोडको लगानीमा सूर्यविनायक वृहत सूर्यविनायक खानेपानी आयोजना विशेष समिति गठन भई कार्य प्रारम्भ गरिएकोमा आगामी आ.व.भित्र उक्त कार्य पुरा गरिने छ । जसबाट यस नगरपालिकाको वडा नं १ देखि ६ सम्म मेलम्ची खानेपानी वितरण हुने निश्चितछ ।
- फोहरमैला व्यवस्थापनका लागि निजी क्षेत्रसंगको साझेदारीलाई थप प्रभावकारी बनाई स्रोतमा नै फोहर वर्गिकरण गर्न आवश्यक स्रोत र साधन व्यवस्थापन भएकोछ ।
- महिला, बालबालिका, अपागं र जेष्ठ नागरिकहरुलाई कानूनी साक्षरता, रोजगारी सृजना, र आत्मसम्मान अभिवृद्धिका क्रियाकलाप संचालन हुनेछ ।
- सरकारी, निजी क्षेत्र र सहकारीको समन्वयमा विभिन्न सामाजिक तथा आर्थिक विकासका क्रियाक्लाप संचालन गरी रोजगारी अभिवृद्धि गरिएको छ
- जनप्रतिनिधि र कर्मचारीको क्षमता विकासमा विशेष जोड दिईने नीति कार्यक्रम र बजेटमा सुनिश्चितता गरिएको छ
- प्रविधिको प्रयोग गरीसेवा प्रवाहलाई छिटो छरितो झंझट रहित बनाउन आवश्यक नीति तर्जुमा र बजेट व्यवस्थापन गरिएको छ ।
- **हाम्रो कर हाम्रै विकासको भर** भन्ने नारा सहित राजस्व सुधार योजनामा उल्लेख भए बमोजिम करको दायरा वृद्धिका लागि व्यवसाय दर्ता अभियान, घर वहाल स्वयं घोषणा अभियान तथा राजस्वका नयाँ स्रोतहरुको पहिचान एवं प्रवर्धन हुनेछ ।
- सार्वजनिक सेवालाई व्यवसायिक, प्रविधिमैत्री, जनमुखी, पारदर्शी, उत्तरदायी चुस्त र प्रभावकारी बनाउदै दिगो विकास, सुशासन र समृद्धिलाई संस्थागत गर्नका लागि नीति कार्यक्रम र बजेटमा आवश्यक व्यवस्था मिलाईएको छ ।
- संचार क्षेत्रमा क्रियाशील मिडियाकर्मीहरुको सुझाव बमोजिम पहिलो पटक मेडिया क्षेत्र परिचालन नीति तर्जुमा सहित रु.२५ लाख बजेट समेत विनियोजन गरिएको छ । नगर क्षेत्रमा

२०८१।२।१२
रविन्द्र सापकोटा
प्रवक्ता

सूर्यविनायक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटुन्जे, भक्तपुर
बागमती प्रदेश, नेपाल

क्रियाशील संचारकर्मीहरुको विचमा आवश्यक समन्वय र सहयोगको लागि नगर स्तरीय संचार डेस्क गठन हुनेछ ।

आर्थिक वर्ष २०८०।८१ को लागि विभिन्न क्षेत्रहरुका लागि क्षेत्रगत रुपमा विनियोजन गरिएका महत्वपूर्ण शिर्षकहरुको बजेट तपसिल बमोजिम रहेको छ ।

| सि.नं. | योजना तथा कार्यक्रम | बजेट श्रोत रु.हजारमा | | | जम्मा रु. |
|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | नगरपालिका | |
| १ | शिक्षा तथा खेलकुद शाखा | २२८१०० | ५६८ | ३११०० | २५,९७,६८,००० |
| २ | स्वास्थ्य | ५८००० | ४९८० | २०२५० | ८,३२,३०,००० |
| ४ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ७१०० | | १९५० | ९०,५०,००० |
| ५ | लघुउद्यम | १२०० | | १००० | २२,००००० |
| ६ | युवा खेलकुद | १०० | | २००० | ४,२१,००००० |
| ७ | कृषि | ४४०० | ५५०० | १३८७५ | २,३७,७५,००० |
| ८ | पशु | १००० | १००० | ४००० | ६०,००००० |
| ९ | गरीवी निवारण | २०० | | ० | २,००,००० |
| १० | उर्जा | ८०० | | ३००० | ३८,००००० |
| १३ | महिला, बालबालिका, विपन्न,अपागं र जेष्ठ नागरिक | ० | ५४६ | ११५७० | १,२१,१६००० |
| | वन तथा वातावरण | | | ६४०० | ६४,००,००० |
| १४ | विपद व्यवस्थापन ( कोषको रकम सहित) | ० | ० | ४०००० | ४,००,०००० |
| १५ | सार्वजनिक सेवा तथा क्षमता विकास | ० | | १६६०० | १,६६,००००० |
| १६ | नगर अस्पताल संचालन तथा व्यवस्थापन | ० | | ७५४०० | ९,५४,००००० |
| १७ | सहकारी साझेदारी कार्यक्रम | ० | | २६०० | २६,००,००० |
| १८ | राजस्व परिचालन क्षमता विकास | ० | | ५५०० | ५५,००००० |
| २० | न्यायिक समिति | ० | | २१०० | २१,००००० |

२०८०।३।१२

रविन्द्र सापकोटा
प्रवक्ता

सूर्यविनायक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कट्टुन्जे, भक्तपुर
बागमती प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | पंजीकरण/सामाजिक सुरक्षा | ९०० | | ८५० | १७,००००० |
| २२ | विधायन, कानून कार्यक्रम | ० | | २६०० | २६,००००० |
| २३ | आयोजना बैंक निर्माण | ० | | १००० | १०,००००० |
| २४ | सार्वजनिक शौचालय निर्माण | ० | | ४००० | ४०,००००० |
| २५ | नगरप्रमुख राहत कोष | ० | | ५००० | ५०,००००० |
| २६ | नगर स्वरोजगार कोष ( लक्षित कार्यक्रम) | ० | | १५००० | १,५०,००००० |
| २७ | सम्मान तथा पुरस्कार | ० | | १००० | १०,००००० |
| २८ | उद्यमी व्यवसायीको लगानी सम्मेलन | ० | | १००० | १०,००००० |
| २९ | प्राविधिक, सीपमुलक र रोजगारमुलक कार्यक्रम तालिम | ० | | ४००० | ४०,००००० |
| ३० | पर्यटन प्रर्वधन/पर्यापर्यटन | ० | | ३००० | ३०,००००० |
| ३१ | सवै प्रकारका पूर्वाधार निर्माण | १५०००० | ४०००० | ४४०००० | ६३,००००००० |
| ३१ | सूचना केन्द्र संचालन तथा व्यवस्थापन | ० | | २००० | २०,००००० |
| ३२ | संचार नीति तर्जुमा व्यवस्थापन र स्थानीय मिडिया परिचालन | ० | | २५०० | २५,००००० |

**नगरपालिकाको आ.व.२०८०।८१ कुल बजेट विनियोजन अवस्था**

| सि.नं. | विनियोजन | पूँजीगत | चालु सासु सहित | जम्मा |
|---|---|---|---|---|
| १ | नगरपालिका | ६१,०५,८५,००० | ५०,२६,५३,००० | १,११,३२,३८००० |
| २ | संघ | ३५,८३,९६,००० | ४७,९५,२०,००० | ८३,७९,१६००० |
| ३ | प्रदेश | १३,०२,५२००० | ३५,९४,००० | १३,३८,४६,००० |
| ४ | जिसस | २,००००००० | ० | २,००००००० |
| जम्मा | | १,११,९२,३३,००० | ९८,५७,६७,००० | २,१०,५०,००००० |

नीति कार्यक्रम र बजेट सम्बन्धी विस्तृत अध्ययनका लागि नगरपालिकाको वेवसाईटमा हेर्नुहुन अनुरोध छ ।

२०८०।३।१२

रविन्द्र सापकोटा
प्रवक्ता